बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था

स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा

भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित

मिट माउण्ट

मासुका पारखीहरूले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए।

खुल्ने समय
बिहान ७ बजेदेखी बेलुका ७ बजेसम्म

सम्पर्क तथा विक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ, अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६२९३१/९७४६८६२९३३

राष्ट्रिय दैनिक

# प्रतिदिन

PRATIDIN NATIONAL DAILY

उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं।

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौं र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मनिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१४ ।। अङ्क : ११२ ॥ २०७९ जेठ १२ गते बिहिबार (26th May 2022 Thursday) Pratidin National Daily dNo-?:%÷-

# झापामा नो भोट कति ?

*झापा (प्रस)* । राजनीतिक दलहरुलाई बहिष्कार गर्ने क्रम झापामा पनि देखिएको छ । स्वतन्त्र उम्मेदवारको जित र नो भोटको मतदानले यसलाई पुष्टि गरेको हो । स्वतन्त्र उम्मेदवारहरु राजधानीमा बालेन्द्र साह , धरानमा हर्क साम्पाङ , जनकपुरमा मनोजकुमार साह र धनगढीमा गोपाल हमालले भारी मतका साथ जित हासिल गरिरहँदा झापामा पनि राजनीतिक दल इतर स्वतन्त्र उम्मेदवारहरुले उत्साहजनक मत पाएका छन् । झापामा चारजना वडाध्यक्षसहित ९ जना स्वतन्त्र उम्मेदवारले निर्वाचन जितेका छन् । बाह्रदशी वडा नं ४ को वडा अध्यक्षसहित पुरै टीम जितेका स्वतन्त्र उम्मेदवार हरुले झापा गाउँपालिका वडा न. ३ र ५ को वडाध्यक्ष ,गौरादह ३ को वडाध्यक्ष र गौरीजञ्ज ५ को वडा सदस्यमा विजयी हासिल गरेका हुन् । विजेताहरुले पाएको मतसंगै विजेता हुन नसकेका अन्य स्वतन्त्र उम्मेदवारहरुको मत पनि सम्माजनक रहेको छ । त्योसंगै झापामा नो भोट भनेर कतिपय ठाउँमा मतदान गरेको पाइएको छ । राइट टु रिजेक्ट र राइट टु रिकलको आधारमा मतदाताहरुले दलहरुलाई मतदान नगरी बहिष्कार गरेका छन् । ' एमसीसी मुर्दावाद , दलालहरुलाई मत दिनौं 'भनेर मतपत्रमा लेखेर कसैलाई पनि मत नदिएको पाइएको बाह्रदशी गाउँपालिकाका मुख्य निर्वाचन अधिकृत पुष्कलराज प्रसाईले बताए । 'त्यस्ता ४-५ वटा मतपत्र भेटिए'उनले भने ,'जसमा उनीहरुका मनोगत कुराहरु लेखिएका थिए । ' त्यस्तै बिर्तामोड नगरपालिकामा पनि त्यस किसिमको मतपत्र मतगणनाका क्रममा भेटिएको मुख्य निर्वाचन अधिकृत डम्बरप्रसाद काफ्लेले बताए । स्वतन्त्र उम्मेदवारहरुको क्रेज बढिरहेका बेला नो भोटको सिम्बोलको रुपमा झापामा पनि केही मतदाताहरुले त्यसरी मत दिएको जिल्ला निर्वाचन कार्यालयका प्रमुख तुलसी नेपालले बताए । ती मतपत्रहरुलाई बदर गरिएको उनले जनाए ।




स्वतन्त्र उम्मेदवारहरुले पाएको बढ्दो मत राजनीतिक दलहरुको बहिष्कारको प्रतिक रहेको कांग्रेस नेता सुधिरकुमार शिवाकोटीले बताए । नेपालमा नो भोटको प्रावधान नभएर बालेनजस्ता स्वतन्त्र उम्मेदवारहरुलाई मतदाताले बहिष्कारको मत दिएको उनको बुझाइ छ । झापामा उन्नत लोकतन्त्र पार्टीले नो भोटको अभियान संचालन गरेको सचिव दिपेन याक्थुम्बाले बताए ।

# बिर्तामोडका वडाले १ करोड १५ लाख बजेट पाउने

*झापा (प्रस)* । बिर्तामोड नगरपालिकाअन्तर्गतका १० वटै वडाहरुलाई आर्थिक वर्ष २०७९/०८० का लागि १ करोड १५ लाख रुपैयाँको पुँजीगत बजेट सिलिङ दिइने भएको छ। नगर प्रमुख पवित्रा महतारा प्रसाईको अध्यक्षतामा बुधबार बसेको कार्यपालिकाको पहिलो बैठकमा वडाहरुबाट नीति तथा कार्यक्रम तय गरी २०७९ जेठ मसान्तसम्ममा नगरमा पेश गर्ने गरी उक्त निर्णय भएको हो ।



यस्तै बैठकले नगर उपप्रमुख नगेन्द्रप्रसाद संग्रौलाको संयोजकत्वमा रहेको योजना अनुगमन समितिमा कार्यपालिकाको तर्फबाट वडा नम्बर ३का वडाध्यक्ष मदन बुढाथोकी र वडा नम्बर ६का वडाध्यक्ष सूर्यप्रसाद कन्दङ्वालाई सदस्यको जिम्मेवारी प्रदान गरेको छ। बैठकले नगर प्रमुख प्रसाईले पदभार ग्रहणका क्रममा गरेको २ वटा निर्णयलाई अनुमोदन गरेको छ। बिर्तामोड नगरभित्र रहेका सम्पुर्ण गरिब तथा असहाय परिवार हरुको मापदण्ड तयार गरी निःशुल्क स्वास्थ्य बीमा गरी विपन्नहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने र नगरक्षेत्रभित्र रहेका सम्पुर्ण खेतीयोग्य जमिनहरुमा स्यालो ट्यूवेल,कुलो तथा पैनी निर्माण गरी ५ वर्षभित्रमा सिँचाईको व्यवस्था गर्ने निर्णयलाई अनुमोदन गर्दै नीति तथा कार्यक्रम बनाएर आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रममा समावेश गर्ने निर्णय भएको हो ।

बैठकले बिर्तामोड नगरपालिकामा रहेका सवार ीसाधनहरु ग्रेडर,रोलर,जेसिभी,टिपर र पानी ट्याङ्करको नयाँ भाडादर पनि कायम गरेको छ । बैठकमा चालु आर्थिक वर्ष २०७८/०७९को कूल वार्षिक वजेट १ अर्ब ४० करोड ४७ लाख ४२ हजार बजेट प्रस्ताव गरिएकोमा बैशाख मसान्तसम्मको आयतर्फ ७९ करोड ३४ लाख ३५ हजार तथा व्ययमध्ये चालुतर्फ ३३ करोड ४० लाख ८५ हजार र पुँजीगततर्फ ३२ करोड ९८ लाख ३९ हजार गरी जम्मा ६६ करोड ३९ लाख २५ व्यय भएको विवरण प्रस्तुत गरिएको थियो ।यस्तै बुधबारको बैठकले २०७४ सालको स्थानीय निर्वाचनबाट बिर्तामोड नगरपालिकामा निर्वाचित भएर २०७९ साल जेठ ५ गतेसम्म कार्य गर्ने जनप्रतिनिधिहरुलाई विकास र समृद्धिमा पुर्याएको योगदानका लागि धन्यवाद व्यक्त गरेको छ । यस्तै स्थानीय तह निर्वाचन २०७९को मतगणना अवधिको लागि कर्मचारीहरुलाई दिएको विदा र दुर्गा माध्यमिक विद्यालय बिर्तामोड ९ गरामनीका शिक्षक दुर्गाप्रसाद निरौलाको गत चैत्र २० गते सडक दुर्घटनामा परी निधन भएकोले २१ गते बिर्तामोड नगरपालिकाभित्र रहेका सबै सामुदायिक विद्यालयहरुमा शोक विदा दिने निर्णयलाई पनि बैठकले अनुमोदन गरेको छ ।

बैठकमा नगर उपप्रमुख संग्रौला,प्रमुख प्रशासकीय अधिकृत विनोदकुमार न्यौपाने,वरिष्ठ कार्यक्रम अधिकृत जय तिम्सिना,लेखा शाखा प्रमुख तेजेन्द्र तामाङलगायत १० वटै वडाका वडाध्यक्षहरुको उपस्थिति रहेको थियो ।

# विपन्न परिवारले पाउने भए घर

*कुमरखोद (प्रस)* । झापा गाउँपालिकामा नवनिर्वाचित अध्यक्ष जयनारायण शाहले निर्वाचित भई पदभार सम्हालेको भोलिपल्ट वडा नं २ को बालुवाटारमा विपन्न परिवार हरुलाई बस्नको लागि आवास घरको शिलान्यास गरेका छन् ।



झापा गाउँपालिकामा यहि आर्थिक वर्षमा ३०० वटा घर विपन्न परिवारले बस्नको लागि पाउने भएका छन् । झापा गाउँपालिकाको सुरक्षित आवास कार्यक्रमअन्तर्गत पालिकाभित्र रहेका कोही पनि परिवार असुरक्षित आवासमा बस्न नपरोस् भनेर अतिविपन्न परिवार हरुलाई १ लाख ८० हजार बराबरको घर निर्माण कार्यक्रम संचालनमा छ। विभिन्न दातृसंस्थाको सहयोगमा झापा गाउँपालिकाले घर बनाइदिने गरेको छ।

नवनिर्वाचित अध्यक्ष शाहले झापा गाउँपालिकाभित्र रहेका फुसको घरहरु हटाएर टिनको छाना लगाउने अभियान नै चलाएका छन् । शाहले अतिविपन्न परिवारका लागि सुरक्षित आवास कार्यक्रमअन्तर्गत त्रिपक्षीय सहयोग रहने बताए। विपन्न परिवार हरुको घर निर्माणका लागि झापा गापाको १ लाख ५ हजार , ह् याविटास फर नेपालको ७५ हजार र सम्पूर्ण प्राविधिक पक्षको सहयोग सहारा नेपाल साकोसको रहने छ।

सहारा नेपालका प्रोगाम मेनेजर मातृका सुवेदीले सुरक्षित आवास घर, निर्माण उपभोक्ता समितिमार्फत बन्ने बताए ।सुवेदीले घर निर्माण २०७९ सालको असार मसान्तभित्रमा उपभोक्ता समितिले सम्पन्न गरिसक्नु पर्ने बताए । सुरक्षित आवास कार्यक्रम उपभोक्ता समिति वडा नं २ वालुवाटारका सचिव विमला लिम्बूको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि अध्यक्ष शाह रहेका थिए। कार्यक्रममा प्रोगाम मेनेजर मातृका सुवेदी , नवनिर्वाचित वडा अध्यक्ष हिमालकुमार चम्लागाईलगायतले बोलेका थिए ।

हार्दिक आभारसहित कृतज्ञता



भद्रपुर नगरपालिकाको स्थानीय निर्वाचनमा नगर उपप्रमुख जस्तो जिममेवार पदमा अत्यधिक मत दिई मलाई विजयी गराउनु हुने सम्पूर्ण मेरा नगरवासी दाजुभाइ दिदीबहिनी, आमाबुवाहरूप्रति धन्यवादसहित हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु। हजुरहरुको माया र भरोसालाई ध्यानमा राखेर यस नगरको भलाईको निम्ति सधैंभरि दृढताका साथ अघि बढिरहने प्रण गर्दै आफ्नो आगामी कार्यकाललाई हजुरहरूको सेवामा समर्पित गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

राधा कार्की
नवनिर्वाचित नगर उपप्रमुख
भद्रपुर नगरपालिका

हार्दिक आभारसहित कृतज्ञता



भद्रपुर नगरपालिका वडा नं. ७ को स्थानीय निर्वाचनमा अध्यक्ष पदमा अत्यधिक मत दिई मलाई विजयी गराउनु हुने सम्पूर्ण मेरा वडावासी दाजुभाइ दिदीबहिनी, आमाबुवाहरूप्रति धन्यवादसहित हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु। हजुरहरुको माया र भरोसालाई ध्यानमा राखेर यस वडाको भलाईको निम्ति सधैंभरि दृढताका साथ अघि बढिरहने प्रण गर्दै आफ्नो आगामी कार्यकाललाई हजुरहरूको सेवामा समर्पित गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

रतिया राजवंशी
नवनिर्वाचित वडा अध्यक्ष
भद्रपुर नगरपालिका वडा नं. ७

हार्दिक आभारसहित कृतज्ञता



भद्रपुर नगरपालिकाको स्थानीय निर्वाचनमा नगर प्रमुख जस्तो जिममेवार पदमा अत्यधिक मत दिई मलाई विजयी गराउनु हुने सम्पूर्ण मेरा नगरवासी दाजुभाइ दिदीबहिनी, आमाबुवाहरूप्रति धन्यवादसहित हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु। हजुरहरुको माया र भरोसालाई ध्यानमा राखेर यस नगरको भलाईको निम्ति सधैंभरि दृढताका साथ अघि बढिरहने प्रण गर्दै आफ्नो आगामी कार्यकाललाई हजुरहरूको सेवामा समर्पित गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

गणेश पोखरेल
नवनिर्वाचित नगर प्रमुख
भद्रपुर नगरपालिका

# झापामा पाँच लाख बिरुवा वितरण गरिँदै

*झापा (प्रस)* । डिभिजन वन कार्यालय झापाले यस वर्ष करिब पाँच लाख बिरुवा वितरण गर्ने भएको छ ।

फलफूल र बहुमूल्य प्रजाति गरी चार लाख ९५ थान बिरुवा वितरण गर्न लागिएको कार्यालयका सहायक वन अधिकृत राजकुमार खत्रीले जानकारी दिए । ती मध्ये १५ हजार फलफूल र चार लाख ७५ हजार विभिन्न प्रजातिका रुखका बिरुवा छन् । वन बिरुवा रु ४७ लाख ५० हजार र फलफूलका रु छ लाख गरी रु ५३ लाख ५० हजार बराबरको बिरुवा वितरण गर्न लागिएको हो । बिरुवा असार १५ गतेदेखि वितरण गरिने कार्यालयले जनाएको छ । टिक, मसला, मलेसियन साल, सतिसाल, धुपी, खमारी, श्रीखण्ड, रुद्राक्ष, निमारो, कदम, चाप, गोल्डमोहा, कल्कीफूल, बकाइनोलगायतका २० प्रजातिका वन बिरुवा र आँप, कटहर, लिची, नरिवल र सुपारीको बिरुवा वितरण गर्न लागिएको उनले बताए । ‘ यीमध्ये श्रीखण्ड र रुद्राक्ष बहुमूल्य प्रजातिका रुख हुनुका साथै धार्मिक दृष्टिकोणले समेत



घरघरमा लगाउने गरिन्छ’, उनले भने, ‘यी बिरुवा हालै मात्र वितरण गर्न थालिएको हो ।’ यी बिरुवा अन्यत्र नर्सरीबाट किन्दा रु दुई सयभन्दा बढी पर्ने भए पनि निःशुल्क वितरण गर्न लागिएको उनको भनाइ छ । यो वर्ष श्रीखण्डको मात्र १० हजार विरुवा वितरणका लागि तयारी अवस्थामा रहेको छ । डिभिजन वन कार्यालयअन्तर्गतका सात नर्सरीमा बिरुवा तयार भइरहेका छन् । जलथल, चन्द्रगढी, बहुवन, सुरुङ्गा, केर्खा, प्रजापतिमा ७५/७५ हजार र कमलधापमा ५० हजार बिरुवा वितरणका लागि तयार गरिँदैछ । त्यस्तै, १५ हजार फलफूलका बिरुवाका लागि बोलपत्र आह्वान गरिएको छ । रु १५ बराबरको बोलपत्र आह्वान गरिए पनि रु छ लाख ठेक्का लागेको कार्यालयले जनाएको छ । गाउँघरमा रुख बिरुवाको माग र वितरणका लागि जिल्लाभर सात जना परिचालिका खटाइएको छ । उनीहरुले नै बिरुवाको माग विवरण तयार गर्ने सोहीअनुरुप बिरुवा तयार गरी वितरण गर्ने गरिएको छ । यस्तै, झापाका जडीबुटी पकेट क्षेत्रमा जडीबुटी खेती विस्तार भण्डारणका लागि अनुदान आएको छ । चालु आर्थिक वर्षमा जिल्लाका पाँच वटा पकेट क्षेत्रलाई लक्षित गरी रु नौ लाख अनुदान आएको हो । हल्दीबारी गाउँपालिकासहित भद्रपुर , गौरादह, मेचीनगर र अर्जुनधारा नगरपालिकाका जडीबुटी पकेट क्षेत्रमा खेती विस्तार तथा भण्डारणका लागि अनुदान आएको सहायक वन अधिकृत खत्रीले बताए । जडीबुटी विकास (संघ सशर्त) तर्फको सो कार्यक्रमअन्तर्गत पामारोजा, लेमनग्रास, पचौली, तुलसी, सतावरी र अश्वगन्धा खेती तथा भण्डारण गर्ने कृषकका लागि लक्षित गरिएको हो ।

# ईलाममा विद्युत् नहुँदा सेवाग्राही मर्कामा

*झापा (प्रस)* । ईलाममा तीन दिनदेखि विद्युत् आपूर्ति बन्द हुँदा सेवाग्राही मर्कामा परेका छन् । विद्युत् आपूर्ति बन्द भएपछि दैनिक कामकाज प्रभावित भएको छ । सरकारी कार्यालयबाट नियमित दिने सेवाप्रवाह प्रायः ठप्प भएको छ । वडा कार्यालयबाट प्रदान गरिने नागरिकता सिफारिस लगायत दैनिक कार्य प्रभावित भएको हो । बैंक , वित्तीय संस्था , एफएम लगायतका सञ्चार संस्थाको सेवा बन्द छ ।

विद्युत् अनियमितताले अन्य अनलाइनमार्फत हुने काम प्रभावित भएको बताइएको छ । सोमबार बिहानदेखि बन्द विद्युत् आपूर्ति मङ्गलबार पनि सहज हुन सकेन । नेपाल विद्युत् प्राधिकरण ईलाम वितरण केन्द्रले विद्युत् आपूर्ति बन्दको कारण हालसम्म पत्ता लगाउन सकेको छैन । केन्द्रका प्रमुख बेगराज पौडेलले हालसम्म ‘फल्ट’ पत्ता लाग्न नसकेको जानकारी दिए । उनले ईलाम सवस्टेशनबाट सदरमुकाममा वितरण गरिएको मुख्य लाईनमा समस्या रहेको हुनसक्ने बताए ।


## डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं

डढेलोले,

- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- देशको आर्थिक समृद्धिमा प्रतिकुल असर पार्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- बाढीपहिरो तथा भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

त्यसैले, वन पैदावारको संकलन तथा खेती किसानी गर्दा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# मेचीनगरका जनप्रतिनिधिले पाए प्रमाणपत्र



*मेचीनगर (प्रस)* । निर्वाचन अधिकृतको कार्यालय मेचीनगरले स्थानीय तहको चुनावबाट निर्वाचित जनप्रतिनिधिहरुलाई प्रमाणपत्र वितरण गरेको छ ।

बुधबार निर्वाचन कार्यालयले मेचीनगर नगरपालिकाको सभाहलमा एक कार्यक्रमको आयोजना गरी गत बैशाख ३० गते सम्पन्न चुनावबाट निर्वाचित ७७ जना जनप्रतिनिधिहरुलाई प्रमाणपत्र वितरण गरेको हो ।

निर्वाचन अधिकृत वेदराज फुयलले नवनिर्वाचित मेयर, उपमेयर, १५ वटै वडाका वडाध्यक्ष र वडा सदस्यहरुलाई प्रमाणपत्र दिएका छन् ।

कार्यक्रममा नवनिर्वाचित मेयर गोपालचन्द्र बुढाथोकी, उपमेयर मिना पोखरेल उप्रेती, निर्वाचन अधिकृत फुयलले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रमको सञ्चालन सहायक निर्वाचन अधिकृत रेवन्त भट्टराईले गरेका थिए । कार्यक्रममा निर्वाचन कार्यालयले इलाका प्रहरी कार्यालय काँकरभिट्टा डिएसपी ज्ञानकुमार महतो, धुलाबारी प्रहरी प्रमुख अनिल मावोहाङलाई सम्मान गरेको थियो ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेश दाहालले बिहीबार दिउँसो १ बजे जनप्रतिनिधिहरुको सपथ ग्रहण कार्यक्रम रहेको जानकारी दिए ।

मेयर बुढाथोकीले भद्रपुरस्थित मुख्य निर्वाचन अधिकृत गिरीराज गौतमबाट सपथ लिने छन् । सपथ लिएपछि उनले उपमेयर, वडाध्यक्ष र वडा सदस्यहरुलाई सपथ खुवाउने दाहालले बताए ।

# बसको ठक्करबाट दुईजनाको मृत्यु

*झापा (प्रस)* । झापाको शिवसताक्षी नगरपालिका-१ मा बसको ठक्करबाट २ जनाको मृत्यु भएको छ ।

बुधबार बिहान साढे ७ बजे पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको प्रदेश १-०२-०४० प ७१४९ नम्बरको मोटरसाईकललाई बिपरित दिशाबाट आउँदै गरेको को. १ ख ७१८७ नम्बरको बसले ठक्कर दिई दुर्घटना हुँदा मोटरसाईकलमा सवार मोरङ पथरी शनिश्चरे न.पा. ८ घर भई जिल्ला प्रहरी कार्यालय झापामा कार्यरत २५ वर्षिय प्रहरी जवान प्रकाश राई र भोजपुर सदानन्द न.पा. ८ बस्ने २३ वर्षिय टिचोहाङ राईको घटनास्थलमा नै मृत्यु भएको हो । ठक्कर दिने बस र चालक मोरङ उर्लाबारी नगरपालिका-२ का ४५ बर्षीय टेकबहादुर पुरीलाई ईलाका प्रहरी कार्यालय झिलझिलेले नियन्त्रणमा लिई घटना सम्बन्धमा थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।


नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

## गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम

यही मिति २०७८ फागुन ५ गतेदेखि बिर्तामोड नगरपालिका क्षेत्रभित्र सञ्चालन भइरहेको गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रममा खटी आउनु हुने कर्मचारीहरूलाई तपाईंहरूको घर-आँगनमा आएको समयमा सत्यतथ्य विवरण प्रदान गरी सहयोग गरिदिनुहुन नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

बिर्तामोड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बिर्ताबजार, झापा


# बिर्तामोडबाट ५ जना जुवाडे पक्राउ

*झापा (प्रस)* । झापाको बिर्तामोड ५ बाट ५ जना जुवाडे डेढ लाखबढी रकमसहित पक्राउ परेका छन् । मंगलबार साँझ साढे ६ बजेको समयमा बिर्तामोड ५ बस्ने ३८ वर्षीय डालकुमार राईको घरको कोठामा जुवा खेलिरहेको भन्ने गोप्य सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई पक्राउ गरेको हो । पक्राउ पर्नेमा ईलाम सूर्योदय १० बस्ने ३० बर्षीय दिलकुमार श्रेष्ठ , बिर्तामोड ५ बस्ने ३६ बर्षीय सन्जीव घतानी , सोही ठाउँका ४२ बर्षीय संसुहाङ चेम्जोङ , ३८ बर्षीय डालकुमार राई (घरधनी) र मेचीनगर २ बस्ने ४८ बर्षीय भुपु राई रहेका छन् । तास र कौडा खेलिरहेको अवस्थामा उनीहरुलाई नगद १,७४,७३५ , ३ बुक तास र १५ थान कौडासहित नियन्त्रणमा लिई ई.प्र.का.अनारमनीमा राखी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।


## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।



## एक्सेल डेभलपमेन्ट बैंक लि.

Excel Development Bank Ltd.
... तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट ‘ख’ वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)
केन्द्रीय कार्यालय, मुक्तिचोक, बिर्तामोड, झापा
फोन नं ०२३-५४३५६४, ५४३७१४, ५४४०१०, Email: info@edb.com.np | URL: www.edb.com.np

### ऋण/कर्जा चूक्ता/भूक्तान गर्ने बारे ३५ दिने सुचना

(प्रथमपटक प्रकाशित मिति:२०७९/०२/०६)

तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनुपर्ने सांवा, ब्याज तथा अन्य दैदस्तुर नबुझाई बैंकसंग गरेको ऋण/कर्जा सम्बन्धि शर्तहरुको उल्लंघन गरेको र पटक/पटक मौखिक तथा लिखित तरताकेता गर्दासमेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋणकर्जासंग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित मितिले **३५ (पैंत्तिस)** दिनभित्र यस बैंक/सम्वन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पुर्ण सांवा, ब्याज र अन्य दैस्तुर चुक्ता भुक्तान गर्नु/गराउनू होला । अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ तथा प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरि ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवं ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासंग सम्बद्ध सबैपक्षलाई कर्जा सुचना केन्द्र लिमिटेडको कालो सूचिमा नाम समावेश गर्न लेखि पठाई कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम विक्री गरि बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सुचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम विक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम विक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असूली गर्ने तर्फ कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा समेत सुचित गरिन्छ ।

तपसिल

| क्र. सं. | ऋणी र व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिनपुस्ते विवरण | कर्जा शिर्षक | ऋणी/ ऋणीफर्मको प्रोप्राइटर/साझेदार/संचालक एवं जमानतकर्ताको फोटो | धितो सुरक्षणको विवरण |
|---|---|---|---|---|
| १. | **ऋणी/धितोजमानीकर्ता** :नेपाल सरकार, उद्योग मन्त्रालयको घरेलु तथा साना उद्योग विभाग अन्तर्गत घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर झापामा मिति २०६६/०४/२२ मा प्रा.फ.नं.घ.उ.वि. १७/४/९२७५/२०६६/६७ अन्तर्गत दर्ता भएको रजिष्टर्ड ठेगाना झापा जिल्ला अनारमनी गा.वि.स., वडा नं. ७ भई हाल झापा जिल्ला बिर्तामोड न.पा., वडा नं.४ स्थित **मनकामना सुपारी प्रशोधन**का तर्फबाट ऐ.को प्रोपाईटर श्यामानन्द साहको नाती, रामा साहको छोरा झापा जिल्ला अनारमनी गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल झापा जिल्ला बिर्तामोड न.पा., वडा नं. ४ बस्ने मिति २०५६/०१/१४ मा जिल्ला प्रशासन कार्यालय झापाबाट जारी गरिएको ना.प्र.नं ०१२८१६७४ भएको बर्ष ६२ को **राजकुमार साह** ।<br>**व्यक्तिगत जमानीकर्ता:**<br>**नाम : परमिला साह**<br>बाबु : नथुनी पूर्वे<br>पति : राजकुमार साह<br>ना.प्र.नं : १६४६(झापा)<br>ठेगाना : झापा जिल्ला अनारमनी गा.वि.स., वडा नं. ७ स्थायी ठेगाना भई हाल झापा जिल्ला बिर्तामोड न.पा., वडा नं. ४ बस्ने । | व्यवसायिक चालुपुँजी कर्जा |  राजकुमार साह<br> परमिला साह | राजकुमार साहको नाममा मा.पो.का. भद्रपूर झापामा दर्ता कायम रहेको झापा जिल्ला, अनारमनी गा.वि.स., वडा नं. ७ स्थित कि.नं. ५७ (क्षेत्रफल वर्ग.मि. मा ५४१.७६)को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |



## एक्सेल डेभलपमेन्ट बैंक लि.

Excel Development Bank Ltd.
... तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट ‘ख’ वर्गको इजाजतपत्रप्राप्त संस्था (पाँच जिल्ला कार्य क्षेत्र भएको)

### निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना

साबिक धनकुटा जिल्ला धनकुटा न.पा. वडा नं. २ हालको प्रदेश नं. १ धनकुटा जिल्ला, धनकुटा न.पा. वडा नं. ३ स्थायी ठेगाना भई हाल झापा जिल्ला, हल्दिवारी गा.पा. वडा नं. १, गोलधाप बस्ने नागरिकता नं. ३५८६ भएकी तारावीर रायाकी छोरी मोहन सिंह खड्काकी पत्नी रल बहादुर खड्काकी बुहारी अञ्जला रायाको मिति २०७८/११/३० गते मृत्यु भएकाले निजको नाममा यस बैंकको शाखा कार्यालय गोलधापमा रहेको बचत खाता नं. 02601200108406000001 मा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाऊँ भनी मृतकका श्रीमान मोहन सिंह खड्काले मिति २०७८/०२/११ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन २०७३ वमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै पनि उजुर वाजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्वन्धित सवैमा जानकारीका लागि सूचित गरिएको छ ।

शाखा कार्यालय, गोलधाप
फोन नं. ९८०२३१२३२६



### बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय १ नं. प्रदेशको

## १५ दिने सूचना

सधियार उत्तरः श्री जीवन कुमार श्रेष्ठ को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ८ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री कोपिला कार्कीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-३ | १७९ ०११ ९२५ | २७६ | १५७.१९ | २०७८/११/०८ | २०७८/११/०८ | २०७८/११/०८ |



### बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय १ नं. प्रदेशको

## १५ दिने सूचना

सधियार पूर्वः श्री राम श्रेष्ठ, उत्तरः श्री सविता लम्साल को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ६ हाल बिर्तामोड नगरपालिका, वडा नं. ३ बस्ने श्री सिर्जना शिवाकोटीले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-३ | १७९ -०१५९ | ७२५ | २२४.३२ | २०७८/१२/०१ | २०७८/१२/०१ | २०७९/०१/१४ |



### जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र झापाले प्रदान गर्ने सेवाहरु सम्बन्धी

सूचना सूचना सूचना

(१) सबै प्रकारका रोगीहरू तथा रोगहरुको आयुर्वेद पद्धतिद्वारा निशुल्क दैनिक परीक्षण तथा उपचार सेवा ।
(२) २३ प्रकारका अत्यावश्यक आयुर्वेद औषधिहरू निशुल्क वितरण ।
(३) ल्याव सेवा ।
(४) पारालाइसिस, वाथ रोगीहरु तथा हात, खुट्टा , कम्मर दुख्ने रोगी तथा अन्य रोगीहरुको लागि पञ्चकर्म विधिद्वारा उपचार सेवा ।
(५) पिनास, माईग्रेन, मानसिक रोग तथा शिरो रोगीहरूको लागि नस्यकर्म तथा शिरोधारा सेवाद्वारा उपचार ।
(६) फिजियोथेरापी सेवा ।
(७) मलद्वारमा देखा पर्ने पाइल्स, फिस्टुला , फिसर लगायत अन्य रोगहरुको क्षारसुत्र विधिद्वारा उपचार सेवा ।
(८) अग्निकर्म विधिद्वारा विभिन्न दुखाई सम्बन्धी रोगहरुको उपचार सेवा ।
(९) जेष्ठ नागरिकहरुको लागि शक्तिबर्द्धक रसायन वितरण ।
(१०) स्तनपायी आमाहरुलाई दुग्धबर्द्धक आयुर्वेद औषधी निशुल्क वितरण ।
(११) स्वस्थ जीवन सम्बन्धी परामर्श एवम् योग सेवा

आदि विभिन्न प्रकारका सेवाहरु प्रदान गरिरहेकोले समयमै आफ्नो स्वास्थ्यको रक्षा गर्न जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रमा आएर आयुर्वेदद्वारा स्वास्थ सेवा लिई स्वास्थ्य लाभ लिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र , भद्रपुर , झापा


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### सरकार के हेरेर बसेको ?

निर्वाचन गराइरहँदा सरकार भएको अनुभूति हुन्छ तर दैनिक उपभोग्य वस्तुको मूल्यमा अत्यधिक वृद्धि भएर उपभोक्ता मारमा परिरहँदा जनता सरकारविहीन भएका छन् । दैनिक उपभोग्य वस्तुहरु खाद्यान्न तथा खानेतेललगायतका वस्तुहरुमा नै अत्यधिक मूल्यवृद्धि भएपछि सर्वसाधारण उपभोक्ताको दैनिकी नै कस्टकर बन्दै गएको छ । आम उपभोक्ताले भान्सामा दैनिकरुपमा प्रयोग गर्ने तेल, मसला घ्यूलगायतको मूल्य पछिल्लो एक वर्षको अवधिमा ७० प्रतिशतसम्म वृद्धि भएको छ । पछिल्लो समय खाद्य वस्तुको मूल्यमा पनि लगातार वृद्धि भइरहेको छ । तर, अत्यधिक मूल्य बढ्नेमा भने खानेतेल र घ्यूलगायतका वस्तु रहेको छ ।

एकातिर दैनिक उपभोग्य वस्तुको मूल्यमा लगातार रुपमा भएको वृद्धि र अर्कोतिर खाने पकाउने एलपी ग्याससहित डिजेल पेट्रोललगायत इन्धनको मूल्यमा भएको भारी वृद्धिले गर्दा सर्वसाधारण नागरिकको दैनिक जीवनयापन नै कष्टकर बन्दै गएको हो । यस्तो अवस्थामा सरकारले पनि उपभोक्ताले सोच्नुपर्ने भएको छ । नागरिकको भान्सामा नभइ नहुने तेलको मूल्य पछिल्लो एकवर्षमा मात्रै ७० प्रतिशतसम्मले बढेको छ ।

२०७८ वैशाखमा प्रतिलिटर २२० रुपैयाँ रहेको काँचो तोरीको तेलको मूल्य हाल ३७५ रुपैयाँ पुगेको खुद्रा व्यापार संघले जनाएको छ । त्यस्तै भटमासको तेल पनि प्रतिलिटर २२० रुपैयाँबाट बढेर ३२० रुपैयाँ, सनफ्लावर तेलको मूल्य प्रतिलिटर २४० रुपैयाँबाट बढेर ३५० रुपैयाँ पुगेको छ । मूल्य वृद्धिको कारण नागरिकको जिवनस्तर कष्टकर बन्दै गएकोले यसमा सरकार गम्भीर बन्नुपर्ने भएको छ । उत्पादन नभएको वस्तुमा पनि विभिन्न विकल्पसहित विभिन्न राष्ट्रबाट राज्यले भन्सार अथवा करमा छुट लिएर भए पनि सामान ल्याएर उपभोक्ताको दैनिकीलाई असर पार्ने कार्यलाई रोक्नुपर्ने जरुरी भएको छ । पेट्रोलियम पदार्थको मूल्य बढ्दा असहज अवस्था भइरहेको छ । कर घटाएर इन्धनको मूल्य घटाउनुपर्छ । सरकारले आम नागरिकलाई राहतको प्याकेज ल्याउनुपर्छ । महँगी बढ्दै जाने हो भने नागरिकलाई जीवनयापन गर्न गाह्रो हुनेछ । अन्ततः जनता सडकमा उत्रिन बाध्य हुनेछन् ।



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# प्रतिस्पर्धी बजारको आवश्यकता



• राजाराम श्रेष्ठ

उचित मूल्यमा गुणस्तरीय वस्तु उपभोक्ता माझ बिक्री वितरण गर्नु प्रतिस्पर्धी बजार हो । बजारमा स्वच्छ प्रतिस्पर्धात्मक ढङ्गले वस्तु वा सेवाको खरिद बिक्री हुनुपर्छ । स्वच्छ प्रतिस्पर्धामा प्रतिकूल असर पर्ने गरी कुनै पनि वस्तु वा सेवाको विज्ञापन गर्नु हुँदैन । बजारमा मालवस्तुको कृतिम अभाव सिर्जना गरी कालोबजारी गर्नु हुँदैन । कालोबजार , एकाधिकार , कृतिम अभाव , प्रतिस्पर्धा नियन्त्रणजस्ता कानुन विपरीतका कार्य गरी बजारलाई अव्यवस्थित बनाइनु हुँदैन । कालो बजारीले प्रश्रय पाएको बजारमा प्रतिस्पर्धाको कुनै महत्व नै हुँदैन । वस्तुको गुणस्तरीयतासमेत गौण हुने गर्छ । यस स्थितिमा उपभोक्ताले बजारमा वस्तुको तोकिएको मूल्यभन्दा बढी तिर्नुपर्ने हुन्छ । गुणस्तरहीन वस्तुसमेत उपभोक्ताले खरिद गर्न बाध्य हुने अवस्था आउँछ ।

कुनै वस्तु वा सेवाको प्रत्यक्ष वा परोक्ष रूपमा मालवस्तुको खरिद वा बिक्री मूल्य निर्धारण गर्ने वा त्यसका लागि सर्तहरू तोक्ने सम्झौता गर्नु हुँदैन । कुनै वस्तु वा सेवाको उत्पादन वा वितरण बजार सीमित वा नियन्त्रण गर्ने वा सोको प्राविधिक विकासका लागि गरिने लगानी सीमित वा नियन्त्रण गर्ने सम्झौता गर्न , गराउन हुँदैन । वस्तु वा सेवाको थोक परिमाण सीमित वा नियन्त्रण गर्ने वा त्यस्तो वस्तुको खुद्रा उपभोग्य परिणाम वा गुणस्तर घटाउने , कुनै खास ठाउँमा त्यस्तो वस्तु वा सेवाको बिक्री वितरण गर्ने वा नगर्ने , कुनै निश्चित व्यक्ति वा प्रतिष्ठानको मालवस्तुको मात्र बजार प्रवर्द्धन गर्ने वा त्यस्तो वस्तु वा सेवाको बजारमा प्रवेश हुन नदिने कार्य प्रतिस्पर्धाविरुद्ध मानिन्छ । वस्तुको ढुवानीमा सिन्डिकेट लागू गर्ने , आपसी सहमतिबाट बोलपत्र वा दरभाउपत्र उल्लेख गरी दाखिला गर्ने गरी कुनै व्यक्ति वा प्रतिष्ठानले सम्झौता गरेमा समेत त्यसलाई प्रतिस्पर्धाविरुद्धको कार्य नै मानिन्छ । प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन २०६३ को दफा ३ मा उल्लेख भएअनुसार कुनै वस्तु वा सेवा उत्पादन वा वितरण गर्ने कुनै पनि व्यक्ति वा प्रतिष्ठानले प्रतिस्पर्धालाई सीमित वा नियन्त्रण गर्ने उद्देश्यले त्यस्तै अन्य व्यक्ति वा प्रतिष्ठानसँग एक्लै वा सामूहिक रूपमा मिली यस किसिमका स्वच्छ प्रतिस्पर्धाविरुद्धका काम कारबाही गर्न हुँदैन ।

कुनै पनि उत्पादक कम्पनी वा वितरकले उत्पादित वस्तु प्रत्यक्ष रूपमा उपभोक्तालाई बिक्री वितरण गर्नुपर्छ । वस्तुको प्रत्यक्ष बिक्री वितरण गर्दा कम्तीमा पचास प्रतिशत स्वदेशी वस्तु बिक्री गर्नुपर्छ । प्रत्यक्ष रूपमा विक्रेता वा वितरकबाट खरिद गरेको वस्तुको मूल्य , गुणस्तर , परिणाम वा उपयोगितामा चित्त नबुझेमा उपभोक्ताले त्यस्तो वस्तु खरिद गरेको मितिले तीस दिनभित्र सम्बन्धित विक्रेता वा वितरकलाई फिर्ता गर्न सक्ने गरी वस्तुको प्रत्यक्ष बिक्री ( व्यवस्थापन तथा नियमन गर्ने ) ऐन २०७४ मा कानुनी व्यवस्था गरेको छ । कुनै व्यक्ति वा प्रतिष्ठानले प्रतिस्पर्धालाई नियन्त्रण वा सीमित गर्ने उद्देश्यले वस्तु वा सेवाको वास्तविक गुण , परिमाण , वारेन्टी , आयु , मूल्य फरक हुने गरी भ्रमपूर्ण विज्ञापन गरी बजार प्रवर्द्धन गर्न गराउन हुँदैन । स्वच्छ प्रतिस्पर्धामा प्रतिकूल असर पर्ने गरी विज्ञापन गरी उपभोक्तालाई भ्रमित गर्नु कानुनबमोजिम दण्डनीय कार्य हुन् । विज्ञापन ( नियमन गर्ने ) ऐन , २०७६ को दफा ५ मा स्वच्छ प्रतिस्पर्धामा प्रतिकूल असर पर्ने गरी विज्ञापन गर्न नहुने गरी रोक लगाएको छ ।

बजारमा बिक्रीका लागि राखिएका वस्तुको परिमाण वा गुणस्तर घटाउने , तोकिएको ठाउँमा वस्तुको बिक्री नगर्ने , मालवस्तुको प्रत्यक्ष बिक्री वितरण नगर्नेजस्ता कार्यले बजारमा स्वच्छ प्रतिस्पर्धामा नियन्त्रण हुन पुग्छ । बजारमा एकाधिकार कायम गरी हस्तक्षेपकारी भूमिका कसैले पनि खेल्नु हुँदैन । बजारमा हुने यस्ता हस्तक्षेपकारी भूमिकाले बजार विभाजन हुने सम्भावना रहन्छ । वस्तु वा सेवाको बिक्रीमा फरक किसिमको सर्त तोक्ने, वस्तु ढुवानी वा वितरणमा ‘ सिन्डिकेट ’ लागू गर्नेजस्ता कार्यले पनि बजार प्रतिस्पर्धात्मक रूपमा अघि बढ्न सक्दैन ।

यस्ता कार्यले बजारको संरक्षण हुँदैन । यसले बजारमा कालोबजारी तथा महँगी बढ्ने , उपभोक्ता ठगिने सम्भावना रहन्छ । यस्ता कार्यमा रोक लगाउने उद्देश्यले प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन २०६३ , वस्तुको प्रत्यक्ष बिक्री ( व्यवस्थापन तथा नियमन गर्ने ) ऐन २०७४ , विज्ञापन ( नियमन गर्ने ) ऐन २०७६ , जस्ता कानुन बनाई कार्यान्वयनमा ल्याइएको छ । यो ऐनले वस्तु उत्पादन वा बिक्री वितरण गर्ने व्यक्ति वा प्रतिष्ठानबीच बजारमा प्रतिस्पर्धा कायम गर्नुपर्ने कुरामा जोड दिएको छ । उपभोक्ताको माझ मालवस्तुको उचित बिक्री वितरण नगर्नु , एक ठाउँका लागि तोकिदिएको वस्तु अन्यत्र लगेर बिक्री गर्नु , एजेन्सी वा डिलरसीपको सर्तविरुद्ध कार्य गरी वस्तुको विचलन गर्नु कालोबजारी गर्नु हो । त्यस्तै कुनै माल वस्तुको कृतिम अभाव सिर्जना गरी मूल्यवृद्धि गर्नु , कमसल वस्तुलाई गुणस्तरीय वस्तु भनी झुक्याइ बजारमा बिक्री गर्नु , नेपाल सरकारले निर्धारित गरिदिएको मूल्य वा उत्पादक , आयातक वा वितरकले निर्धारित गरेको मूल्यभन्दा बढी लिई वस्तु बिक्री गर्नु पनि कालोबजारी हो । अनुचित नाफा लिएर बजारमा बिक्री गर्ने वा त्यसरी अनुचित नाफा लिने उद्देश्यले वस्तु संग्रह गर्ने कार्य पनि कालोबजारी ठहरिन्छ ।

कालोबजारीले व्यापारी , व्यवसायी , उत्पादक, वितरकहरूको नाफामा मनग्य वृद्धि हुने गर्छ । कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन २०३२ ले कालोबजार , नाफाखोरी , मालवस्तुको विचलन , कृतिम अभावजस्ता कार्यलाई सामाजिक अपराध मानेको छ । यति हुँदाहुँदै पनि देशको राजनीति , राष्ट्रिय तथा अन्तर ाष्ट्रिय बजारको अवस्थालाई हेरेर व्यापारी, व्यवसायीहरू कृतिम अभाव सिर्जना गरी तरुन्तै मालवस्तुको मूल्य बढाउन खप्पिस छन् । यस्ता कार्यमा राज्यका संघ, प्रदेश र स्थानीय तीनै तहले रोक लगाउन सक्नुपर्छ । बजारबाट स्वच्छ प्रतिस्र्धात्मक ढङ्गले उचित मूल्यमा गुणस्तरीय वस्तु वा सेवा छनोट गर्ने अधिकार उपभोक्तालाई छ । त्यस्तै उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याएर प्रतिस्पर्धात्मक मूल्यमा बिक्री गर्नु तथा त्यस्तो बिक्रीका लागि भ्रमपूर्ण विज्ञापन वा प्रचारप्रसार नगर्नु उत्पादकको दायित्व हो । उत्पादकले गुणस्तरीय वस्तु वा सेवालाई प्रतिस्पर्धी मूल्यमा बिक्री गरी उपभोक्ताको हितलाई सदैव ध्यान दिनुपर्छ । बजारमा कुनै वस्तु वा सेवाको खरिद बिक्रीमा विभिन्न सर्त तोक्ने, सञ्जाल बनाई अप्रत्यक्ष रूपमा वस्तु बिक्री वितरण गर्ने, वस्तुको खरिद बिक्रीमा उपहार राख्ने, भ्रमपूर्ण विज्ञापन गर्नेजस्ता उपभोक्ताको हित विपरीतका कार्यले बजारमा स्वच्छ प्रतिस्पर्धा कायम रहन सक्दैन ।

त्यसैले राष्ट्रिय अर्थतन्त्रलाई उदार, बजार मुखी बनाउन, उत्पादक र व्यावसायिक क्षमता बढाई राष्ट्रिय उत्पादकत्व बढाउन, बजारलाई अवाञ्छित हस्तक्षेपबाट मुक्त गर्न, वस्तु वा सेवाको गुणस्तर अभिवृद्धि गराई उपभोक्तासमक्ष पुऱ्याउन बजारमा वस्तु वा सेवाको उत्पादन वा वितरण गर्ने व्यक्ति, संघ, संस्था, उद्योग वा प्रतिष्ठानबीच स्वच्छ प्रतिस्पर्धा हुनु आवश्यक छ । बजारमा हुने स्वच्छ प्रतिस्पर्धाले वस्तु वा सेवा उचित मूल्यमा सहजै पाउन सकिन्छ । बजारको राम्रो विकास हुन्छ । मूल्यमा समेत नियन्त्रण हुन्छ । यस कार्यबाट वस्तु उत्पादक वा वितरकको व्यावसायिक क्षमताको विकास भई बजार अझ बढी व्यवस्थित हुने गर्छ ।

# ‘जनताले एमालेलाई सिस्नु हानेको हो, त्यसले पोल्नुपर्छ, पोलिरहेको छ’



• योगेश भट्टराई

नेकपा एमाले अलि अलि घाइते भएको कुरा नकार्न सकिन्न । तर, सत्तारुढ दलले नचाहेको निर्वाचन गर्न हामी सफल भयौँ । यो नेकपा एमालेको मात्र नभएर सिङ्गो देशको सफलता हो । संविधान घोषणा भएपछि वैशाख ३० मा दोस्रो पटक स्थानीय चुनाव भयो । यसले हामी निश्चित भएर के भन्न सक्छौँ भने नेपालको लोकतान्त्रिक अभ्यास अब संस्थागत हुँदै गएको छ । संविधानको कार्यान्वयनले एउटा गति लियो भन्ने निष्कर्षमा हामी पुग्न सक्छौँ त ? यदि सक्छौँ भने मुलुकलाई यो विन्दुमा पुऱ्याउने काम एमालेले गऱ्यो भन्दा फरक परेन । लोकतन्त्रमा र बहुदलीय प्रतिस्पर्धामा विश्वास राख्ने दलले नतिजा आफ्नो पक्षमा आओस् भन्ने जरुर चाहन्छ र त्यो जायज हो । तर, उसले त्यसलाई मात्र मध्यनजर गरेको हुँदैन । संवैधानिक प्रक्रिया र नीति बमोजिम कार्य सम्पन्न भएका छन् कि छैनन्, त्यो पनि प्रमुख मुद्दा बन्छ । र, त्यसको खबरदारीमा नेकपा एमाले सक्रिय रह्यो । जुन दलले आफ्नो सिद्धान्त, विचार र कार्यक्रमलाई सही ढङ्गमा अघि बढाउँदै लग्छ, त्यसको जित कुनै न कुनै विन्दुमा निश्चित हुन्छ । तसर्थ, क्षणिक रूपमा यसलाई समीक्षा गर्नु पर्याप्त हुँदैन । अहिलेको स्थानीय निर्वाचन गणितीय हिसाबले जुन ठाउँमा पुग्ला भन्ने एमालेलाई लागेको थियो, त्यो भने नपुगेकै हो । निर्वाचन अघि एमालेले सातै प्रदेशका अध्यक्ष राखेर केन्द्रीय कमिटीको बैठक राखेको थियो । त्यस बैठकमा भएको निष्कर्ष के थियो भने एमाले एक्लै लडेर बाँकी सबै गठबन्धनका रूपमा लडे भने १६५ सिटसम्म आउन सक्ने र यदि सबै एकल यात्रामा हिँडे भने एमालेले ४ सय सिटसम्म ल्याउने अनुमान गरिएको थियो । यद्यपि, अहिलेको अवस्था हेर्दा पनि यो त्यति अवस्तुबादी थियो भन्ने पनि लाग्दैन विगतको भन्दा केही हामी घटेकै हो । तर, राजनीतिक दलको महत्वको विषय भनेको लोकप्रिय मत पनि उत्तिकै हो । जनताको मतको आधारमा हामी अझै पहिलो पार्टी हो र पदीय रूपमा दोस्रो । गत चुनावमा जब एमाले र माओवादी मिलेर चुनाव गरिएको थियो, काङ्ग्रेसलाई हम्मे हम्मेकै अवस्था सिर्जित भएको थियो । र, अहिले हामीबाट छुटेको एकीकृत समाजवादी दल निस्किदा जति स्थानीय तह लगेको थियो, अहिले त त्यति पनि ल्याएन । यसको अर्थ यो हो कि हामी फुटबाट हुन सक्ने घाटालाई न्यून गरेकै हो । नेकपा फुट्नु सुखद समाचार पक्कै पनि हैन । तर, झलनाथ खनाल, माधवकुमार नेपाललगायत पार्टीका शीर्ष नेताहरूले नेकपाको एक हिस्सा लगेता पनि पार्टीको सर्वोच्च वर्चस्व ओलीको हातमा रहनु र नेकपाको अस्तित्व एमालेले नै कायम राख्नुलाई सफलताको रूपमा हेर्नुपर्छ । यस स्थानीय निर्वाचनमा देखिएको मतभेदको समीक्षा विभिन्न रूपमा हुन सक्छ । तर, एकै पार्टी बनेका यी गठबन्धन जनतामाझ कति लोकप्रिय भए त ? यो पक्कै सोचनीय छ । जनताको असन्तुष्टि विभिन्न रूपबाट यस चुनावमा प्रस्तुत भएको देखिन्छ । जस्तै जनताले चाहेका उम्मेदवार र पार्टीले केन्द्रबाट पठाएको उम्मेदवारबीच तालमेल नमिलेपछि यस किसिमको मतभेद देखा परेको पनि हो । पार्टीले आफ्ना यस किसिमका क्रियाकलापलाई गतिलो ढंगबाट समीक्षा गर्नु अत्यन्तै आवश्यक छ । र, यस कुराको मूल्याङ्कन एमालेले गर्ने नै छ ।

आम रूपमा यस ढंगको नतिजा एमालेले अपेक्षा गरेको थियो कि थिएन ? यो प्रश्न आइरहँदा यसलाई परिस्थितिबाट प्रतिविम्वित भएको नतिजा भन्नु पर्ने हुन्छ । जुन खालको परिस्थिति पाँच दलीय गठबन्धन र एमालेबीच सिर्जित भएको थियो, त्यसकै परिणाम पार्टीहरूमा देखा पऱ्यो र त्यसलाई अपेक्षित वा अनपेक्षित भनेर हेर्नु सही हुँदैन । एमालेको हकमा मात्र नभएर हरेक पार्टीहरू जनता सँगको संवादमा चुकेको देखियो । जनतासँग सही ढङ्गमा संवाद नपुगेपछि यस्तो नतिजा देखा पर्नुमा हामी त्यति चकित भइहाल्नु पर्दैन । सतही रूपमा दौडिएर भुइँमान्छेका कुरा सुन्न चुकिरहँदा त्यसले हामीलाई क्षति पुऱ्यायो । जनताले चाहेका क्रियाकलाप र संरचनामाथि पार्टीगत नेतृत्वले आफ्नो विचार लाद्ने जस्तो कार्य गरेपछि जनमानस खुसी रहेन । ठुल्ठुला नेताहरूको आफ्नै वडामा पनि नतिजा अनुकूल नहुनु भनेको जनसंवादलाई गरिएको नजरअन्दाज नै हो । तसर्थ जनताले हामीलाई सिस्नु हानेको हो, त्यसले हामीलाई पोल्नु पर्छ र पोलिरहेको छ ।

पार्टीले सफलता पाउन नसक्दा सबैभन्दा पहिले प्रश्न उठ्ने नै नेतृत्वमा हो । यस्ता प्रश्न जरुर आउँछ र यसलाई स्वाभाविक रूपमा जिम्मेवारी मानेर नै पार्टीको नेतृत्वले जवाफ दिनुपर्छ । यद्यपि, पार्टीको नेतृत्व भनेको हामी सबै हो र हामी सबैले जवाफदेहिता बोक्न सक्नुपर्छ ।

यही भनाइबाट नै म अध्यक्ष कमरेड केपी शर्मा ओलीलाई निवेदन गर्छु र पार्टीगत बैठकमा पनि भन्नेछु कि, अबको ६ महिना हामी जमिनमा खुट्टा राख्न जानु पऱ्यो । ४ सय भन्दा बढी केन्द्रीय सदस्य, संघीय सांसद, जिल्ला कमिटीका सबै व्यक्तिहरूसँगको सहकार्यमा समीक्षा गरौँ र निष्कर्ष जस्तै अप्रिय आए पनि सबैले स्वीकारौँ र आफ्नो वृद्धिको निम्ति कार्य गरौँ । किनभने एमाले कमजोर हुनु भनेको वामपन्थी आन्दोलन कमजोर हुनु हो । यति भनिराख्दा अर्का कथित कम्युनिस्ट पार्टीहरूले वामपन्थी आन्दोलनको बिँडो थाम्न सक्छन् त ? पक्कै सक्दैनन् र कसैले प्रतिवाद गर्छ भने म पत्याउने पनि छैन । त्यसैले पनि वामपन्थी आन्दोलनको रक्षकको रूपमा समेत रहिरहनु पर्ने एमालेले आफ्नो मूल्याङ्कन गर्ने नै छ ।

गत २०७४ सालको चुनावमा जनताले दिएको पुरस्कार साँचेर राख्न नसकेपछि यस पटक सजाय भोग्न हामी विवश भयौँ । यो सजाय भनेको एमालेलगायत ओलीलाई दिएको सजाय हो, मलाई दिएको सजाय हो, वाम आन्दोलनलाई दिइएको सजाय हो । र, जति नै अलग भए पनि प्रचण्ड कमरेडलाई पनि यो सजायबाट टाढा राख्न मिल्दैन । यो उनलाई दिइएको पनि सजाय हो । गणितमा हेर्दा जति नै सुधार देखिएता पनि नैतिक रूपमा माओवादीमा उठेको प्रश्न सानो छैन । यद्यपि, एमालेलाई उठेको प्रश्न मात्रै हो यो भन्ने खालको भ्रम यदि माओवादीका साथीहरू पालिरहनु भएको छ भने माओवादीको दुर्गति सुरु हुनेछ । तसर्थ, यस चुनावले विविध पार्टीहरूलाई साङ्केतिक रूपमा धेरै कुरा भनेको छ । त्यो बुझ्न सके त ठिक छ तर नसकेको खण्डमा हाम्रो राजनीतिक भविष्यमाथि ठुलो प्रश्न उठ्ने छ । बेलाबखत सुनिने दम्भको राजनीति भन्ने शब्दसँग हाम्रो आपत्ति सधैँ हुने गरेको छ । यस खालका शब्द शृङ्खला भनेको पार्टीमा बिना कारण लगाउन खोजिने आक्षेपबाहेक अरू केही पनि हैन । कुनै पनि पार्टी हतोत्साहित हुनु र निर्वाचनमा भाग लिनु भनेको सुरुमा नै हार मान्नु सरह हो । हाम्रो त्यही निडर पक्षलाई गलत व्याख्या गर्ने गरिएको छ । हाम्रो स्वाभिमानलाई अभिमानको रूप दिनु गलत मानसिकता भएका व्यक्ति वा समूहको खेती मात्रै हो । साथै, कुनै पनि निर्वाचनमा आफ्नो नेतृत्वकर्तालाई अग्रभागमा उठाउनु भनेको राजनीतिक अभ्यासबाहेक केही पनि हैन । यस्तै राजनीतिक अभ्यास गर्न नसकेर भारतमा काँग्रेसको पश्चगमन यात्रा भएको आम राजनीतिक विश्लेषकहरूले पनि बताउने गरेका छन् । यस किसिमका कुरालाई ओली राजनीति वा अन्य संज्ञा नदिई स्वाभाविक रूपमा लिन सक्नुपर्छ ।

पार्टीले सफलता पाउन नसक्दा सबैभन्दा पहिले प्रश्न उठ्ने नै नेतृत्वमा हो । यस्ता प्रश्न जरुर आउँछ र यसलाई स्वाभाविक रूपमा जिम्मेवारी मानेर नै पार्टीको नेतृत्वले जवाफ दिनुपर्छ । यद्यपि, पार्टीको नेतृत्व भनेको हामी सबै हो र हामी सबैले जवाफदेहिता बोक्न सक्नुपर्छ । यस ढंगबाट नेतृत्व अघि बढ्ने नै छ ।

**स्वतन्त्र उम्मेदवार र राजनीतिक ट्रेन्ड**

स्थानीय निर्वाचनमा स्वतन्त्र उम्मेदवारहरूले जित निकालिरहेको बेला मेरो बुझाई के छ भने धरान र काठमाडौँको हकमा यो शब्द ठिक छ स्वतन्त्र । तर, अन्य ठाउँमा त पार्टीगत विद्रोही भन्ने शब्द नै सुहाउँछ । तर, यो भनिराख्दा हामीले जनताको यो मनोविज्ञानलाई कम आँक्न भने मिल्दैन । यो ट्रेन्डमा राजनीति पुरै गयो भन्नु मूर्खता नै हुन्छ ।

तर, जनताले दलहरूमाथि चलाएको लाठी भने निकै बलियो छ र यसलाई अब राम्ररी समीक्षा गरेर बाटो पहिल्याउन जरुरी छ । तर, पार्टीका उम्मेदवारहरूले गल्ती गरे, पार्टी समात्ने । अनि, यो जनमानसले स्वतन्त्रको गल्तीमा कसलाई समात्छ ? यो एउटा ठुलो प्रश्न हो । लोकतान्त्रिक व्यवस्थामाथि जवाफदेहिताको प्रश्न भने यो सुरुवाती ट्रेन्डले उठाएको छ । समग्रमा भन्नुपर्दा हामीलाई जनताले दिएको ठुलो चेतावनी भनेको नै खराब उम्मेदवार उठाए हामी दलहरूलाई भोट दिँदैनौ भन्नु नै हो । त्यसैले अब पार्टीहरूले आफ्नो कार्यशैलीमा काम गरेर, जनताको जरामा आफ्नो नैतिकताको परीक्षा दिनुपर्छ । र, पास भएको खण्डमा मात्रै जनताले पत्याउने छन् । सिद्धान्तनिष्ठ र कर्मनिष्ठ हुने वाचा गर्ने हो भने ३ दलको वामएकता अझै सम्भव छ । र, हामीलाई थाहा छ कि जनता यही नै चाहन्छन् ।

# चित्तधर हृदयको परिचय



चित्तधरको जन्म १९६२ साल जेठ ५ गते काठमाडौँको रक्तकालीमा भएको थियो । उनका बुबा द्रव्यधर तुलाधर साहु र आमा ज्ञानलक्ष्मी गृहिणी थिइन् ।चित्तधरलाई राणा सरकारले उनको कृतिका लागि भनेर १९९७ सालमा जेल हाले । स्वतन्त्र अनि स्वछन्द लेखन र बिम्बहरुको प्रयोगले जादु चलाउन सक्ने चित्तधरलाई राणाहरुले आँखाको तारो मानेका थिए ।। चित्तधर २००२ सालमा कालो कोठरीको जेलमुक्त भए । त्यसै बेलादेखि यिनले दाह्री पाले । अनि यिनको परिचय नै यही दाह्री भयो । तर यिनले राजा त्रिभुवन र महेन्द्रको निधन तथा आफ्नी पत्नीको निधनमा मात्रै कपाल र दाह्रीजुङ्गा काटेका थिए ।चित्तधरको बिहे भाजुरत्न कन्साकार र ज्ञानमाया कन्साकारकी छोरी ज्ञानप्रभासँग भएको थियो । त्यसबेला यी १४ वर्ष यिनकी पत्नी १२ वर्षकी थिए । तर यी दम्पतीबाट सन्तान भएनन् ।

चित्तधर हृदयको चर्चित साइकल पसल

चित्तधरले व्यापारलाई आफ्नो पेसा बनाए । उनले आफ्ना मामा मानदास तुलाधरसँग मिलेर भोटाहिटीको कमलाछीमा साइकल पसल थापे । त्यस पसलको नाउँ "मानदास चित्तधरको साइकल पसल" थियो । यिनले यसै पसलबाट किताबहरू पनि बेच्थे । त्यति बेला त्यो पसल निक्कै चल्तीको थियो । त्यस पसलमा धेरै साहित्यकारले आफ्नो पत्राचारको ठेगाना पनि दिन्थे । पं. सोमनाथ सिग्देलले पनि आफ्नो पत्राचारको टुङ्गो त्यही दिएका थिए ।

चित्तधर हृदयका सृजनाहरु

चित्तधरले ३३ वटा पुस्तक लेखे । ती नेपाल भाषामा नै आधारित थिए । उनको एकनिष्ठ लेखन, अविरल सृजना र अनवरत साधनाका कारण राजा महेन्द्रले उनलाई २०१३ सालमा "कविकेशरी" को उपाधि दिए । फणिन्द्ररत्न बज्राचार्यका अनुसार उनलाई च्वसापासाबाट साहित्य शिरोमणि पनि प्रदान गरिएको थियो ।चित्तधरले विभिन्न नाउँबाट साहित्य सृजना गरे । कहिले यिनले बुद्धोपासक चित्तधर भएर लेखे र कहिले चित्तधर उपासक भएर पनि लेखे । यिनले चित्त, हृदय, रूप रत्न उपासक, हृददर्शन उपासक, धर्मवीर, मनमाया र बुद्धिबज्र बज्राचार्य भएर पनि लेखे । वास्तवमा यिनैको प्रेरणाले सिद्धिचरण श्रेष्ठदेखि धर्मरत्न यमीसम्मले मातृभाषामा कविता लेख्न थाले ।

साथै यिनकै प्रेरणाले केदारमान व्यथित पनि कवि भएका थिए । चित्तधरले निजी अध्ययनबाट शिक्षा आर्जन गरे । यिनले कन्यामन्दिर हाइस्कुललगायत विभिन्न शिक्षण संस्थामा पढाए । उनी समाजसेवामा समर्पित थिए । तर साहित्य, शिक्षा र भाषासेवामा उनको मन भन्नै फुर्‍यो। त्यही कारणले नेपाल भाषापरिषद्को स्थापनामा उनको गुरुत्तर भूमिका थियो । उनी त्यस संस्थाका सचिव, अध्यक्ष र संरक्षकसम्म भए । साथै उनी त्रिभुवन स्मारक समिति र नेपाल चीन सांस्कृतिक परिषद्को उपाध्यक्ष थिए । उनी "भी" मासिक पत्रिकाको पनि संरक्षक थिए । साथै कोलकात्ता नेपाल भाषा साहित्य गोष्ठीको संस्थापक पनि उनै थिए ।चित्तधर नेपाल भाषाका पहिलो गद्य कवि थिए । उनले महाकाव्य, खण्डकाव्य, गीत, कथा, निबन्ध प्रबन्ध, उपन्यास, नाटक, बाल साहित्य, समालोचना र आत्मकथा लेखे । उनी अन्वेषक र सम्पादकका रूपमा पनि चिनिन्थे । उनी प्रकाशक र अनुवादक पनि थिए ।

मनका धनी कवि चित्तधर हृदय

चित्तधर दान दिने कुरामा पनि अग्रसर थिए । उनले आनन्द कुटी पुस्तकालयलाई उनका सग्रहमा भएका भन्नै एक सय वटा बहुमूल्य किताब दिए । उनले नेपाल भाषा परिषद्लाई आफ्नो जग्गा नै बेचेर नगद दिए । स्वयम्भू विकास मण्डललाई सुनको देउता चढाउने पनि उनै थिए । साथै नेपाल भाषा मङ्का खलःलाई विजेश्वरीको भन्नै एक रोपनी जग्गा पनि उनैले दिएका हुन् । उनी नेपाली सांस्कृतिक मण्डलको उपनेता भएर भारत, चीन र बर्मा पनि गएका थिए । २०२८ सालमा काठमाडौँमा भाषण गर्दागर्दै चित्तधरलाई पक्षघात भयो । त्यसपछिको ११ वर्षसम्मको कष्टमय यात्रापछि अर्थात् २०३९ साल जेठ २६ गते हृदयाघातका कारण उनको मृत्यु भएको हो । चित्तधर दिवङ्गत भएको १० वर्षपछि उनको मुहार अङ्कित हुलाक टिकट निक्ल्यो । उनका नाउँमा विभिन्न गुठी र पुरस्कारका स्थापना पनि भइरहे । उनैको सम्मानमा पाँच सय रुपैयाँको चाँदीको सिक्का पनि निक्ल्यो । साथै कालीमाटी काठमाडौँमा उनको सालिक पनि निर्माण भयो । उनी नेपाली संस्कृतिका धरोहर हुन ।

# पथरीशनिश्चरेका सबै वडाबाट कार्यसंपादन सुरु

*पथरीशनिश्चरे (प्रस)* । मोरङको पथरीशनिश्चरे नगरमा स्थानीय तहको निर्वाचनबाट निर्वाचित पदाधिकारीहरुले वडा-वडामा पदभार ग्रहण गरी वडा कार्यालयबाट कार्यसंपादन सुरु गरेका छन् ।

नवनिर्वाचित नगर प्रमुख मोहनप्रसाद तुम्वापोले मंगलबार उपप्रमुख देवीमाया काफ्लेसहित वडाध्यक्षहरुलाई सपथ ग्रहण गराएपछि नगर प्रमुख, उपप्रमुख तथा वडाध्यक्ष र सदस्यहरुले आ -आफ्नो कार्यभार सम्हालेका हुन्।

यसक्रममा बुधबार वडा नम्बर २, १० लगायतका वडामा निवर्तमान पदाधिकारीहरुले नवनिर्वाचित पदाधिकारीहरुलाई आफ्नो पद हस्तान्तरण गरेका छन् । वडा-वडामा स्वागत तथा विदाइ कार्यक्रमहरु गरिएका थिए ।



वडा नम्बर २ का निवर्तमान अध्यक्ष यामप्रसाद गुरागाईंले नवनिर्वाचित अध्यक्ष नैना राईलाई पद हस्तान्तरण गरेका छन् भने वडा नम्बर १० का निवर्तमान अध्यक्ष सागर राईले नवनिर्वाचित अध्यक्ष जीवन खतिवडालाई पद हस्तान्तरण गरेपछि उनले आफ्नो कार्यालयको दैनिक काम थालेका छन् । कार्यक्रममा बोल्दै अध्यक्ष खतिवडाले निर्वाचनमा प्रतिष्पर्धीहरुको समेत भावनालाई ख्याल गरेर दलभन्दा माथि उठेर निष्पक्ष र पारदर्शी रुपमा काम कारबाही गर्ने प्रतिवद्धता व्यक्त गरे ।

निवर्तमान वडाध्यक्ष सागर राईले आफ्नो कार्यकालमा भएका कामका बारेमा जानकारी गराए । कार्यक्रममा, नेकपा एमालेका हिमालय थापा (पर्वत), नेपाली कांग्रेसका अर्जुन पोखरेल, माओवादी केन्द्रका रमेश राई, राष्ट्रिय प्रजातन्त्र पार्टीका श्रीप्रसाद काङवाले शुभकामना मन्तव्य व्यक्त गरे ।

वडा नम्बर १ मा बाबुराम एङ्देनले भीमकुमार राईलाई, २ मा यामप्रसाद गुरागाईंले नैना राईलाई, ३ मा डम्बरबहादुर चेम्जोङले विजय लिम्बूलाई, ४ मा गोविन्दबहादुर भण्डारीले लोकनाथ न्यौपानेलाई, ५ मा जोगबहादुर धिमालले चेतेन्द्र खडकालाई, ६ मा जयबहादर तामाङले कृष्णकुमार बस्नेतलाई, ७ मा कपिलमणि ढकालले उद्धवराज वस्नेतलाई, ८ मा बाबुराम दहालले नवीन कार्कीलाई, ९ मा भानुभक्त राईले वीरबहादुर राईलाई र १० मा सागर राईले जीवन खतिवडासहितका पदाधिकारीहरुलाई आ-आफ्नो कार्यभार सुम्पिएका छन् ।

# झापाका जनप्रतिनिधिहरु सम्हाले कार्यभार

*कुमरखोद (प्रस)* । झापा गाउँपालिकाका नवनिर्वाचित जनप्रतिनिधिहरुले बुधबारदेखि पदभार ग्रहण गरेका छन् । जनप्रतिनिधिहरुले सपथ ग्रहण गरिसकेपछि औपचारिक रुपमा पदभार ग्रहण गरेका हुन् । झापा गाउँपालिकाले आयोजना गरेको सपथ ग्रहण तथा पद बहाली कार्यक्रममा झापा गाउँपालिका अध्यक्ष जयनारायण शाहले उपाध्यक्षसहित नवनिर्वाचित ३६ जना जनप्रतिनिधिहरुलाई पद तथा गोपनियताको सपथ गराएका थिए । यसअघि अध्यक्ष शाहले झापा जिल्ला अदालतका न्यायाधीश तथा मुख्य निर्वाचन अधिकृत गिरीराज गौतमबाट पद तथा गोपनियताको सपथ लिएका थिए ।



निर्वाचन अधिकृत मानबहादुर घिमिरेको अध्यक्षता र नवनिर्वाचित अध्यक्ष शाहको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा नेपाली काँग्रेसका जिल्ला सभापति देउकुमार थेवे , नेकपा एमाले झापा गाउँपालिका अध्यक्ष गजेन्द्र ताम्ली , लोकतान्त्रिक समाजवादी पार्टीका झापा गाउँपालिका अध्यक्ष प्रभुनारायण यादव , नेपाल शिक्षक महासंघ झापा गाउँपालिका अध्यक्ष जगन्नाथ राजवंशी र नवनिर्वाचित वडाध्यक्षको तर्फवाट महमद ताहिरले मन्तव्य राखेका थिए ।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत खेमराज थापाले स्वागत तथा शिक्षा प्रमुख जीवन ढकालले संचालन गरेका थिए ।

# मंकिपक्स भाइरलबाट सचेत रहन आग्रह

*झापा (प्रस)* । गैरआवासीय नेपाली संघको विश्व स्वास्थ्य समितिले मंकिपक्सको सम्भावित फैलावटबारे विश्वभरका नेपालीलाई सचेत गराउँदै एक प्रेस विज्ञप्ति जारी गरेको छ ।

विशेषगरी पश्चिमी युरोपमा रहेका नेपालीलाई मंकिपक्स भाइरल संक्रमणबाट बच्न सतर्क रहन सुझाव दिइएको छ । विश्व स्वास्थ्य समितिका अध्यक्ष डा सञ्जीव सापकोटाका अनुसार पश्चिम युरोपका मात्र नभएर अष्ट्रेलिया, संयुक्त राज्य अमेरिकालगायत १४ भन्दा बढी देशका नागरिकमा मंकिपक्सका संक्रमित भेटिएको छ । पश्चिम युरोप र बेलायतमा सबैभन्दा धेरै केसहरू भेटिएका छन् । पोर्चुगल, स्वीडेन, नेदरल्याण्ड्स, अस्ट्रिया, बेल्जियममा पनि संक्रमितहरु भेटिएका छन् । डा.



सापकोटाले मंकिपक्सको लक्षण ज्वरो आउने, टाउको दुख्ने, मांसपेशी दुख्ने र थकान देखिने बताए । ज्वरो देखा परेको १ देखि ३ दिनभित्र रोगीको छालामा रेसा देखा पर्दछ, रेसा प्रायः अनुहारबाट सुरु हुन्छ र त्यसपछि शरीरका अन्य भागहरूमा फैलिदै जान्छ । त्यसपछि रेसाहरु पानी भरिएको फोकामा परिणत हुन्छन् । मंकिपक्सको इन्क्युबेशन अवधि सामान्यतया ७ - १४ दिन हुन्छ । मंकिपक्सको लागि अहिलेसम्म कुनै विशेष उपचार छैन । तर मंकिपक्सका धेरै केसहरू हल्का र आत्मसीमित हुन्छन् । यो समस्या दुईदेखि चार हप्ताभित्र समाधान हुन सक्छ । तर बुढेसकाल भएका व्यक्तिहरू र इम्युनोलोजिकल रूपमा कमजोर भएकाहरूलाई मंकिपक्सले गम्भीर जटिलताहरू निम्त्याउन सक्छ । जसले मृत्यु समेत हुन सक्छ । बिफरविरुद्धको खोप मंकिपक्सविरुद्ध प्रभावकारी देखिएको छ । यद्यपि त्यस्ता खोपहरू आपूर्तिमा सीमित छन् र थोरै देशहरूमा मात्र उपलब्ध छन्। अन्य भाइरल रोगहरूको लागि काम गर्ने एन्टिभाइरल औषधिहरूले पनि मंकिपक्सविरुद्ध प्रभावकारी देखिएको छ । यसअघिको तथ्यांकले संक्रमितमध्ये १० प्रतिशतको मृत्यु भएको देखाएको छ । मंकिपक्स सन् १९७० मा पहिलो पटक देखा परेको थियो र त्यसपछि यो रोग लाग्ने १० मध्ये १ जनामा मृत्यु भएको देखिएको छ । प्रारम्भिक खोजमा बाँदरबाट यो भाइरस भेटिएकाले यसको नाम मंकिपक्स राखिएको हो ।

# भद्रपुरका निर्वाचित जनप्रतिनिधिलाई सम्मान

*भद्रपुर (प्रस)* । भद्रपुर नगरपालिकामा नेपाली काँग्रेसका तर्फबाट निर्वाचित नगर प्रमुख तथा वडाध्यक्षलगायतका जनप्रतिनिधिलाई सम्मान गरिएको छ ।



सेवा निवृत्त कर्मचारी समाज झापाद्वारा भद्रपुरका नगर प्रमुख गणेश पोखरेल, वडाध्यक्षहरू भद्रपुर २ का रामबहादुर कँडेल, भद्रपुर ५ का बन्धु कार्की, ६ का रतिया राजवंशी र ८ का वडाध्यक्ष गौरव सुब्बा मनोजलाई सम्मानसहित कार्यकाल सफलताका लागि बधाई दिइएको हो ।

समाजका अध्यक्ष धनप्रसाद शिवाकोटीको अध्यक्षता तथा नगर प्रमुख पोखरेलको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा स्वागत उपाध्यक्ष रेखा अधिकारी तथा सञ्चालन सचिव चेतनाथ भट्टराईले गरेका थिए ।


प्रतिदिन राष्ट्रिय दैनिक PRATIDIN NATIONAL DAILY

## वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा

PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट - पत्रपत्रिका - स्कुलका कपि आदि...

पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमाण्डौबाट



स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१


## आजको राशिफल



**मेष** समाजसेवामा मन लाग्नेछ । आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ ।

**वृष** बिनाप्रतिस्पर्धा फाइदा हुने योग छ । सामाजिक र धार्मिक यात्राको योग पनि छ

**मिथुन** आज आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । अधुरो काम पूरा हुनेछ ।

**कर्कट** आज शुभकार्यको चर्चा चल्नेछ । नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ ।

**सिंह** सरकारी निकायको भय रहला । स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा असर

**कन्या** आज कार्यमा सफलता पाइनेछ । कुनै कुराले मनमा शान्ति छाउला ।

**तुला** पुनर्मिलनको योग रहेको छ । आफूसँग भएको क्षमता प्रदर्शन गर्ने अवसर जुट्ला ।

**वृश्चिक** आज शुभकार्यको चर्चा चल्नेछ । परोपकारमा रुचि बढ्नेछ ।

**धनु** अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । स्वास्थ्यमा समस्या आउला ।

**मकर** एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ ।

**कुम्भ** आज जोशजाँगर र हिम्मत बढ्नेछ । धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ ।

**मिन** रमाइलो यात्राको योग रहेको छ । मानसम्मान र प्रशंसा प्राप्त हुने सम्भावना